निश्चय नै अल्लाहलाई "गैरत" (अर्थात् उहाँलाई आफ्नो सम्मान, आदेश र हराम कुराहरूको उल्लङ्घन प्रिय हुँदैन) हुन्छ र मुमिनलाई पनि गैरत हुन्छ। अल्लाहको गैरत भनेको मोमिनले उहाँले निषेध गरेका कार्यहरूमा संलग्न हुँदा प्रकट हुन्छ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "निश्चय नै अल्लाहलाई "गैरत" (अर्थात् उहाँलाई आफ्नो सम्मान, आदेश र
हराम कुराहरूको उल्लङ्घन प्रिय हुँदैन) हुन्छ र मुमिनलाई पनि गैरत हुन्छ। अल्लाहको गैरत भनेको मोमिनले उहाँले निषेध गरेका कार्यहरूमा संलग्न हुँदा प्रकट हुन्छ।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, वास्तवमा अल्लाहले गैरत (अर्थात् उहाँलाई आफ्नो सम्मान, आदेश र हराम कुराहरूको उल्लङ्घन प्रिय हुँदैन) गर्नुहुन्छ, घृणा गर्नुहुन्छ र केही कुरालाई मन पराउनु हुन्न, जसरी एक मुमिनले गैरत (आत्म-सम्मान) गर्छ, घृणा गर्छ र केही कुरालाई मन पराउदैन । जब कुनै मुमिनले अल्लाहले हराम गर्नुभएको कुरा जस्तै व्यभिचार, समलैंगिकता, चोरी र रक्सी पिउने जस्ता पापहरू गर्छ, तब अल्लाहको गैरत प्रकट हुन्छ।

https://sunnah.global/hadeeth/ne/show/3354